## आ.व. ०७७।०७८ को प्रस्तावित नीति तथा कार्यक्रम

# (अ) आर्थिक विकास -

## (क) कृषि तर्फ-

१. आर्थिक वर्ष २०७५।०७६ देखी कार्यान्वयनमा ल्याइएको "**हल्दीबारीको बाचा, झापाभरी माछा**" कार्यक्रमलाई निरन्तरता दिई झापा जिल्लालाई नै माछा उत्पादनमा आत्मनिर्भर गराउनका लागि यस कार्यक्रमलाई उद्यमशीलता र गरिवी न्युनीकरणसँग आवद्ध गरिनेछ । यसका लागि न्युनतम एक कठ्ठा जग्गामा समेत माछा पोखरी क्षेत्र विस्तार गर्न चाहने कृषकलाई प्रति कठ्ठा दश हजारका दरले अनुदान उपलब्ध गराइनेछ । यसै आर्थिक वर्षदेखी हल्दीबारी गाउँपालिका क्षेत्रभित्रका बजारहरुमा फर्मालिनको प्रयोग गरी आइसमा हालेका माछा विक्री वितरणमा रोक लगाइनेछ ।

२. साविकमा माछा पालन व्यवसाय गर्दै आउनु भएका माछा पालक कृषकहरुलाई अनुदानमा सामाग्रीहरु उपलव्ध गराउने नितिलाई अख्तियार गरिनेछ ।

३. "**किसानको खुशी, पशुपालन र कृषि**" कार्यक्रमलाई निरन्तरता दिइनेछ । यस अन्तर्गत निम्न वमोजमि कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ :-

- कृषकहरुलाई कृषि कार्यसँग सम्बन्धित **आवश्यक मल तथा विउ, विजन सहुलियत मुल्यमा** समयमै गाउँपालिका भित्रका कृषि तथा बहुउदेश्यीय सहकारी संस्थाहरु मार्फत उपलव्ध गराउन आवश्यक प्रबन्ध मिलाईनेछ ।
- **कृषि तथा पशुपालन**लाई परम्परागत निर्वाहमुखीवाट आधुनिक व्यवसायिक वनाउन प्रोत्साहित गर्ने नीति लिइनेछ ।
- पशु नश्ल सुधार कार्यक्रम मार्फत सुत्केरी भएका गाई भैंसीलाई प्रोत्साहन स्वरुप एक हजार रुपैंया **सुत्केरी भत्ता** सम्बन्धित कृषकलाई उपलब्ध गराउने विगतदेखिको कार्यलाई निरन्तरता दिईनेछ ।
- नेपाल सरकारले पशु विमाका लागि व्योहोर्ने रकमका अतिरिक्त कृषकसँगको साझेदारीमा **पशु विमा प्रवर्द्धन कार्यक्रम** सञ्चालनमा ल्याइनेछ ।
- कृषकसँगको साझेदारीमा **पशु नश्ल सुधार कार्यक्रम** सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- आन्तरिक तथा वाह्य परजिवी नियन्त्रणका लागि **जुका र नाम्लेको औषधि** गाई भैंसीलाई नि:शुल्क उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।
- माहुरी पालन कार्यक्रम प्रवर्द्धन गर्न जंगल र आवादीको सिमानामा रहेको पर्यटकीय सडकसँग जोडिएका इच्छुक कृषक तथा सामुदायिक वन उपभोक्ता समुहहरुसँगको साझेदारीमा कम्तीमा **एक घर, एक माहुरीको घार** कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- कृषक समुहहरुलाई **कृषिमा यन्त्रिकीकरणका लागि वढीमा ५० प्रतिशत रकम अनदानु** उपलब्ध गराइनेछ ।
- कृषकसँगको ५० प्रतिसत साझेदारीमा **सिँचाई मोटर जडान तथा वितरण**को कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका **साना चिया कृषकहरुलाई** चियाको उत्पादकत्व वढाउन **सिँचाइका लागि आवश्यक सामाग्री एवम् इलेक्ट्रिक स्प्रे ट्याङकी** लागतका सामग्री साझेदारीमा उपलव्ध गराईनेछ ।

- हाम्रो भान्सामा दैनिक प्रयोग हुने **लसुन, प्याज, अदुवा, वेसार, खुर्सानी** जस्ता मसला प्रकृतिका खाद्य वस्तुहरुको अन्यत्र क्षेत्रवाट आयात गर्नु पर्ने अवस्थालाई अन्त्य गर्दै उल्लेखित वस्तुहरुको व्यवसायिक उत्पादन प्रोत्साहन गर्न अनुदानमा विउ तथा मल उपलब्ध गराईनेछ ।
- गाउँपालिकाको पुर्ण छात्रवृत्तीमा १८ महिने कृषि तथा पशु प्राविधिक विषयको तालिम लिनुभएका सवै छात्रछात्रालाई सम्बन्धित वडा अर्न्तगत सन्चालन हुने कृषि तथा पशुसँग सम्बन्धित कार्यक्रमहरुमा **एक गाउँ, एक प्राविधिक कार्यक्रम**सँग आवद्ध गरी परिचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- कृषि उत्पादनमा आत्मनिर्भर बनाउनका लागि प्रत्येक टोलमा अलग अलग प्रकृतिका उत्पादनमुलक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

**(ख) रोजगारी तर्फ-**

प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध गरी **सबैलाई सीप, सबैलाई रोजगार** कार्यक्रमको सुरुवात गरीनेछ । जसअर्न्तगत गाउँपालिका क्षेत्रभित्र रहेका कम्तिमा ५०० जना Unskilled युवा वेरोजगारहरुलाई आगामी आ.व. ०७७०७८ मा शीपमुलक तालिम प्रदान गरी स्वरोजगारी मार्फत आय आर्जनमा बृद्वी भई गरिवी न्युनीकरणमा सघाउ पुर्याउने गरि आवश्यक कार्यक्रम तजुमा गरी कार्यान्वयन गरिनेछ । जस अन्तरगत CTEVT वाट मान्यता प्राप्त संस्थावाट तपशिल अनुसारको कार्यक्रमहरु सन्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

- ✓ २० जनालाई हेयर कटिङ्ग तथा डिजाईनिङ्ग तालिम
- ✓ २० जनालाई जुत्ता चप्पल वनाउने तालिम
- ✓ २० जनालाई व्याग वनाउने तालिम
- ✓ ५० जनालाई मेशन तालिम
- ✓ ५० जनालाई कार्पेन्टरिङ्ग तालिम
- ✓ ४० जनालाई प्लम्विङ्ग तालिम
- ✓ ४० जनालाई स्टिल फिक्सिङ तालिम
- ✓ ४० जनालाई ईलेक्ट्रिसियन तालिम
- ✓ २० जनालाई स्यानिटरी प्याड वनाउने तालिम
- ✓ २०० जनालाई बेमौसमी तरकारी खेती सम्बन्धी तालिम (च्याउ खेती तथा नगदे वाली समेत)

**(ग) पर्यटन तर्फ-**

४. **फेरी पनि घुम्न जाउँ, हल्दीबारी गाउँ** अभियानलाई निरन्तरता दिईनेछ । जसका लागि निम्न अनुसारका कार्यक्रमहरु सन्चालन गरिनेछ

- ✓ भेलागढी सामुदायिक वनको हाताभित्र लोकतान्त्रिक शहीद स्मृत्ति पार्कमा आधारभुत संरचनाहरुको निर्माण सम्पन्न गरिनेछ ।
- ✓ लोकतान्त्रिक शहीद स्मृत्ति पार्कमा आन्तरिक पर्यटन प्रवर्द्धनका लागि **हल्दीबारी महोत्सव** सन्चालन गरिनेछ ।
- ✓ हल्दीबारी गाउँपालिका वडा नं ४ मा रहेको **पाथिभरा पर्यटकीय क्षेत्रलाई धार्मिक पार्कको** रुपमा विकास गरिनेछ ।
- ✓ हल्दीबारी गाउँपालिका वडा नं ५ मा रहेको **सोडागान्धी सिमसार क्षेत्रलाई जैविक चिडियाखानाको** रुपमा विकास गर्न पर्यापर्यटनको अवधारण अनुरुपका कार्यक्रमहरु सन्चालन गरिनेछ ।

- ✓ गाउँपालिका क्षेत्रभित्रका जलथल जङगल, धनुष पोखरी,साकेलाथान, स्वर्गद्धारी, दुधकन्या, भुल्के, लक्ष्मीथान, किरातेश्वर शिवालय, सिंहदेवी, रमाइलोडाँडा लगायतका स्थानलाई पर्यटकीय स्थलको रुपमा विकास एवम् विस्तार गर्न आवश्यक सम्भाव्यता अध्यानको कार्य अघि वढाइनेछ।
- ✓ स्थानीय सीप र श्रम प्रयोग हुने स्थानीय नेपाली कला तथा संस्कृती झल्काउने सामाग्रीहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्न **लोक संग्राहालय तथा कोशेली घर स्थापना** तथा सन्चालन गरिनेछ ।

### (घ) सहकारी तर्फ-

५. दैनिक उपभोग्य वस्तुहरुको सहज सुलभ आपुर्तिको व्यवस्था मिलाउन प्रत्येक वडामा कम्तिमा **एक वटा सहकारी सुपथ मुल्यको पसल** सन्चालनको लागि प्रोत्साहन गरिनेछ । जसको लागि आफ्नो स्वामित्वमा जग्गा हुने र सुपथ मुल्यको पसल सन्चालन गर्ने सहकारी संस्थाहरुलाई **भवन निर्माणको लागि अनुदान** उपलव्ध गराईनेछ ।

६. स्थानीय श्रम, सीप र पुँजी प्रयोग गरी स्थानीयस्तरमै उत्पादन हुन सक्ने चामल, तोरीको तेल, माछाको दाना, च्याउ, स्यानिटरी प्याड, व्याग, जुत्ता-चप्पल लगायतका वस्तुहरुको प्रवर्द्धन, वजारीकरण तथा विविधिकरणका लागि स्थानीयस्तरमा साना उद्योगहरु सन्चालनका लागि सहकारी संस्थाहरुसँग आवश्यक समन्वय गरिनेछ ।

७. पुँजीको अभावमा कृषि क्षेत्र मार्फत उद्यमशील हुन नसकेका युवाहरुलाई स्थानीय कृषि सहकारी संस्थाहरुको पुँजी परिचालन गरी सहुलियत दरमा ऋण उपलब्ध गराउनका लागि गाउँपालिका जमानीमा बस्ने सम्मको उपयुक्त व्यवस्था मिलाइनेछ ।

८. गाउँपालिका क्षेत्रभित्र क्रियाशील सहकारी संघ संस्थाहरुको नियमनलाई थप व्यवस्थीत गरिनेछ ।

९. गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुले आफ्ना सदस्यहरुलाई ऋण प्रवाह गर्दा जुन प्रयोजनका लागि सहकारी स्थापना भएको हो सोही प्रयोजनमा मात्र ऋण प्रवाहको व्यवस्था मिलाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

### (ङ) उद्योग वाणिज्य तर्फ-

१०. गाउँपालिका क्षेत्रभित्र स्थापना भई सञ्चालनमा रहेका उद्योगधन्दा, कलकारखानाहरुलाई थप व्यवस्थित र कामदारहरुको सुरक्षामैत्री वनाउन आवश्यक व्यवस्था मिलाईनेछ ।

११. गाउँपालिका क्षेत्रभित्र स्थापना भई सञ्चालनमा रहेका उद्योगधन्दा, कलकारखानाहरुले आफ्नो उद्योगधन्दा, कलकारखानामा प्राथमिक उपचार केन्द्र स्थापना गरि कामदारको सुरक्षालाई प्राथमिकता दिन आवश्यक नीतिगत व्यवस्था मिलाइनेछ ।

१२. गाउँपालिका क्षेत्रभित्र स्थापना भई सञ्चालनमा रहेका उद्योगधन्दा, कलकारखानामा काम गर्ने कामदारहरुको अनिवार्य स्वास्थ्य विमा गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ। साथै, हल्दीबारी गाउँपालिका भित्र स्थाई वसोवास भएका स्थाई कामदार तथा मजदुरहरुको पहिचान गरी उनिहरुको स्वास्थ्य विमाका लागि ५० प्रतिशत  रकम गाउँपालिकाको तर्फवाट उपलव्ध गराइनेछ ।

१३. गाउँपालिका क्षेत्रभित्र रहेका चिया किसानहरुले उत्पादन गर्ने चियापत्तीको मूल्य सामयिक बनाउनका लागि सरोकारवाला निकायहरुसँगको समन्वय र सहकार्यमा चियापत्तीको मूल्य निर्धारणका लागि गाउँपालिकाबाट नेतृत्वदायी भूमिका निर्वाह गरिनेछ ।

१४. स्वदेशी तथा विदेशी लगानी भित्र्याई स्थानीयस्तरमा उद्योगधन्दा, कलकारखानाको स्थापना गर्न चाहने व्यक्ति तथा संस्थाहरुलाई  प्रोत्साहित गर्ने नीति लिइनेछ ।

१५. स्थानीय उद्योगी व्यवसायीहरुको छाता संगठनको रुपमा गाउँपालिकास्तरीय उद्योग वाणिज्य संघको स्थापना गर्न पहल गरिनेछ

## (आ) सामाजिक विकास-

### (क) खानेपानी तथा सरसफाई तर्फ-

१६. हल्दीबारी गाउँपालिका भित्र स्वच्छ खानेपानी आपूर्तिका लागि **हाम्रो लगानी, घर घरमा स्वच्छ खानेपानी** कार्यक्रम सन्चालन गरी गाउँपालिकावाट खानेपानी पाईप लाइन विस्तार गरिनेछ ।

१७. आर्थिक रुपले विपन्न सबै घर परिवारमा निशुल्क खानेपानी धारा जडान गर्न अनुदान उपलव्ध गराईनेछ ।

१८. गाउँपालिका क्षेत्रभित्र रहेका सबै खानेपानी उपभोक्ता समितिहरुलाई नियमन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी स्थानीय कानून निर्माणको कार्य अघि बढाइनेछ ।

### (ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ-

१९. विगत बर्षहरुवाट सन्चालनमा रहेको **हल्दीबारीका महिला, विकासमा पहिला** भन्ने अभियानलाई जीवन्त राख्न टोल विकास संस्थाको गठन तथा परिचालनलाई थप व्यवस्थित गरिनेछ ।

२०. विगत बर्षहरुमा प्रत्येक वडास्तरमा गठन गरिएको समावेशी विकास समिति, युवा तथा खेलकुल विकास समिति, महिला विकास समिति र गाउँपालिकास्तरीय समावेशी विकास परिषद्, युवा तथा खेलकुद विकास परिषद्, महिला विकास परिषद मार्फत क्षमता अभिवृद्धि तथा सशक्तिकरणका कार्यक्रमहरुलाई निरन्तरता  दिईनेछ ।

२१. **समृद्धिका पालक, हल्दीबारीका बालक** अभियानलाई कार्यान्वयन गर्न प्रत्येक वडा मातहत गठन गरिएका बाल क्लबहरुको क्षमता अभिवृद्धि हुने किसिमका कार्यक्रमहरु वडास्तरमै सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । गाउँपालिका क्षेत्रभित्रका बालबालिकाहरुलाई सानै उमेरदेखी शासकीय प्रणालीमा अभ्यस्त गराउनका लागि साविक हल्दीबारी, जलथल र गोलधाप गा.वि.स. का सबै वडाबाट कम्तीमा एक एक जना वालबालिकाको प्रतिनिधित्व सुनिश्चित हुनेगरी **नमूना बाल संसद** तथा आवश्यक अन्य कार्यक्रम सन्चालनमा ल्याइनेछ ।

२२.ज्येष्ठ नागरिक, अल्पसंख्यक, दलित, आदिवासी जनजाति, अपाङ्ता भएका व्यक्ति, पिछडिएको क्षेत्र लगायतका वर्गको सशक्तिकरणका लागि उद्यमशीलता सँग सम्बन्धित कार्यक्रमहरु तर्जुमा गरी सञ्चालनमा ल्याइनेछ ।

२३. **साहित्यिक मन, कृषि र पर्यटन** अभियानलाई कार्यान्वयनमा लैजानका लागि साहित्य र कला मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ख्याति आर्जन गरेका स्थानीय व्यक्तित्वहरुलाई सम्मान गर्ने संस्कारलाई निरन्तरता दिइनेछ ।

२४.दलित समुदायको आर्थिक सामाजिक तथा राजनीतिक लगायत अन्य क्षेत्रको सशक्तिकरणका लागि गाउँपालिकाहरुको सवै वडाहरुमा **उत्पिडित सशक्तिकरण केन्द्र** गठन गरी संचालन गरिनेछ ।

## (ग) शिक्षा तथा खेलकुद तर्फ-

२५. **हामी सबैका ईच्छा अनिवार्य निशुल्क शिक्षा** कार्यक्रम अन्तरगत कक्षा ११ र १२ मा अध्ययन गर्ने सबै विद्यार्थीलाई निःशुल्क पठनपाठनको व्यवस्था मिलाउन प्रति विद्यार्थी मासिक पाँच सय रुपैंयाका दरले अनुदान उपलब्ध गराउने विगतको नीतिलाई निरन्तरता दिईनेछ । जसका लागि श्री हल्दीबारी मा.वि., श्री जनजागृति मा.वि. र श्री लक्ष्मी मा.वि. लाई गाउँपालिकाकै स्रोतबाट अनुदान रकम निकासाको व्यवस्था मिलाइनेछ । पठनपाठनको नाममा विद्यार्थीबाट शुल्क असुल गर्ने जुनसुकै सामुदायिक विद्यालयलाई कारवाहीको दायरामा ल्याइनेछ ।

२६. नेपाल सरकारवाट सामुदायिक विद्ययालयहरुमा स्वयमसेवक शिक्षक परिचालन गर्ने गरी नीति पारित भएकोले गाउँपालिका क्षेत्रभित्रका सबै सामुदायिक विद्यालयमा अंग्रेजी भाषा समेत प्रवर्द्धन गर्नका लागि तेस्रो गाउँसभा अधिवेशनको निर्णयले व्यवस्था गरिएको अंग्रेजी शिक्षक व्यवस्थापन गर्ने नीतिलाई खारेज गरिनेछ ।

२७. सबै सामुदायिक विद्यालयमा कम्प्युटर शिक्षा प्रवर्द्धन गर्नका लागि आर्थिक वर्ष २०७५।०७६ देखी व्यवस्था गरिएको घुम्ती कम्प्युटर शिक्षक, खेल प्रवर्द्धन गर्न व्यवस्था गरिएको घुम्ती खेल प्रशिक्षक, योग शिक्षा प्रवर्द्धन गर्न व्यवस्था गरिएको योगा प्रशिक्षक तथा गणित र विज्ञान शिक्षकको व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

२८. सामुदायिक विद्यालयमा कार्यरत सहायक कार्यकर्ता तथा सहयोगी कर्मचारीहरुलाई श्रम ऐनले तोकेको न्युनतम सेवा सुविधा उपलब्ध गराइनेछ। यसका लागि उनीहरुलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त गर्ने सेवा सुविधामा नपूग रकम गाउँपालिकाबाट व्योहोर्ने व्यवस्था मिलाइनेछ ।

२९. सबै सामुदायिक विद्यालय, गाउँपालिकाको कार्यालय, स्वास्थ्य चौकीहरु एवम् वडा कार्यालयहरुमा जडान गरिएका सि.सि. क्यामराहरुको डाडाहरु एकीकृत गरी सम्बन्धित वडा कार्यालयहरु त्था गाउँ कार्यपालिकाको कार्यालयको पहुँचमा ल्याउन आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरी इन्ट्रानेट मार्फत सन्जालीकरण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

३०. शिक्षक प्रोत्साहन सम्बन्धी मापदण्ड, २०७५ बमोजिम सबै सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई कार्यसम्पादनका आधारमा मौद्रिक दण्ड र पुरस्कार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३१. श्री हल्दीबारी मा.वि. मा शुरु गरिएको प्राविधिक शिक्षा अध्ययन गर्ने स्थानीय विद्यार्थीहरुलाई निशुल्क अध्यायनका लागि छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।

३२. न्युन विद्यार्थी संख्या र पर्याप्त विषय शिक्षकको दरबन्दी विना नै सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुलाई आपसमा समायोजन गर्न संघीय सरकारले लिएको नीतिलाई सहयोग पुर्याउन आवश्यक कार्यक्रमहरु सन्चालन गरिनेछ ।

३३. सामुदायिक विद्यालय प्रति आम स्थानीयबासीको विश्वसनीयता बढाई शैक्षिक गुणस्तर समेत अभिवृद्धि गर्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, स्थानीय राजनैतिक दल, नागरिक समाज लगायत आम सरोकारवालालाई लक्षित गरी सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३४. लोपोन्मुख मेचे समुदायको भाषा संरक्षणका लागि सोही समुदायका विद्यार्थीहरुलाई लक्षित गरी श्री दीपेन्द्र प्रा.वि.मा मेचेहरुको मातृभाषामा पठनपाठन गर्ने गराउने कार्यलाई थप व्यवस्थित गरिनेछ ।

३५. अभिभावक नभएका १६ वर्ष उमेर समुह भित्रका वेसहारा बालबालिकाको शैक्षिक क्रियाकलापमा सहयोग पुर्याउनका लागि **वेसहाराको सहारा, हल्दीबारी गाउँपालिका** नामक कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रम अन्तर्गत प्रत्येक वेसहारा बालबालिकालाई मासिक पाँच सय रुपैंया सहयोग रकम उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३६. जनजाग्रिती क्याम्पसलाई बहुमुखी क्याम्पसको रुपमा विकास गरिनेछ ।

## (घ) स्वास्थ्य तर्फ-

३७. विश्वव्यापी कोरोना भाईरसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि आवश्यक पर्ने स्वास्थ्य उपकरण तथा सामाग्रीहरु प्रदेश सरकार तथा संघीय सरकारसँगको समन्वयमा व्यवस्थापन गरिनेछ ।

३८. कोरोना भाईरसको संक्रमणको जोखिममा रहेका व्यक्तिहरुलाई राख्न गाउँपालिकामा व्यवस्थापन गरिएको क्वारेन्टाईन स्थलहरु तोकिएको मापदण्ड वमोजिम हुने गरी थप व्यवस्थित गरिनेछ । साथै, सम्भावित महामारीको जोखिमलाई मध्यनजर गर्दै आवश्यकता वमोजिम अन्य स्थानमा समेत क्वारेन्टाइन निर्माण गरिनेछ ।

३९. कोरोना भाइरसको संक्रमणको रोकथाम र नियन्त्रणका लागि गाउँपालिकामा उपलब्ध स्रोत साधन तथा जनशक्तिको महोत्तम उपयोग गरिनेछ ।

४०. हल्दीबारी स्वास्थ्य चौकीमा प्याथोलोजि ल्याव स्थापना गरी सन्चालनमा ल्याइनेछ ।

४१. वडा नं ३ र वडा नं ५ मा सन्चालनमा रहेका आधारभुत स्वास्थ्य केन्द्रहरु आफ्नै भवनमा सन्चालनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

४२. **जनताको कर, जनताकै लागि** भन्ने मान्यता वमोजिम उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक स्वास्थ्य सेवा प्रवाह गर्ने गरी स्थापना गरिएको जनता उपचार सहायता कोषको दायरालाई अझ व्यापक बनाउँदै लगिनेछ ।

४३. जनता उपचार सहायता कोष मार्फत विपन्न परिवारका व्यक्तिहरुलाई निःशुल्क विमा र एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

४४. **म स्वस्थ, मेरो गाउँ स्वस्थ** अभियानलाई व्यवस्थित गरी जनता उपचार सहायता कोषबाट तपशलिमा उल्लेखित उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक स्वास्थ्य सम्बन्धी गतिविधिहरु सञ्चालनमा ल्याइनेछ ।

✓ मातृ शिशु स्वास्थ्य प्रर्बधन गर्न आमा सुरक्षा कार्यक्रम सन्चालन गरिनेछ । (निशुल्क फोलिक एसिड,क्यालसियम, प्रयोगशाला परिक्षण तथा गर्भवतीको लागि भिडियो एक्सरेसेवा,सुत्केरी प्याकेज समेत)

✓ उच्च रक्तचाप,मधुमेह ,मृगौला रोकथाम तथा निदान,उपचार सम्बन्धी एकिकृत कार्यक्रम

✓ बिशेषज्ञ चिकित्सक समेत रहने गरी स्वास्थ्य शिबिर सञ्चालन

✓ जलथल स्वास्थ्य चौकीमा सन्चालनमा रहेको बर्थिङ सेन्टरमा प्रसुती गराउनु हुने सवै तथा कारणवश तोकिएको बर्थिङ सेन्टरवाट सेवा लिन नसक्नु हुने आर्थिक रुपले विपन्न परिवारलाई मातृशिशु पोषण कार्यक्रम सन्चालन

✓ विभिन्न सचेतना मुलक कार्यक्रमहरु

४५. वर्षको ६ पटकसम्म ल्याब सेवा लिन आउने ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला र शहीद तथा वेपत्ता परिवारका सन्ततीहरुलाई जलथल स्वास्थ्य चौकी र गोलधाप स्वास्थ्य चौकीबाट उपलब्ध हुने ल्याबको सम्पूर्ण सेवा निःशुल्क उपलब्ध गराइदै आएकोमा आगामी आ.व.वाट उल्लेखित सेवा बर्षको १२ पटक सम्म गाउँपालिका मातहत सन्चालन हुने सवै ल्याबवाट निशुल्क उपलव्ध गराउने व्यवस्था मिलाईनेछ ।

४६. स्यानिटरी प्याड स्थानीयस्तरमै उत्पादन गरी प्रयोग गर्ने व्यवस्था समेत मिलाउनका लागि आवश्यक उद्यमशीलता प्रवर्द्धन हुने किसिमका तालिम कार्यक्रमहरु सञ्चालन गरिने तथा आवश्यक मेशिनरी उपकरण उद्योगी समुह गठन गरी लागत साझेदारीमा उपलव्ध गराइनेछ ।

## (इ) पुर्वाधार विकास-

४७. प्रथम गाउँसभाले ३ वर्ष भित्र (आ.व. ०७७।०७८ सम्ममा) काठेपुलमुक्त गाउँपालिका घोषणा गर्ने नीति पारित भए अनुसार यस गत आ.व सम्ममा २६ वटा निर्माण सम्पन्न भई सकेको र चालु आ.व.मा ४० स्थानमा स्ल्याव कल्भर्ट निर्माण सम्पन्न हुने चरणमा रहेका छ । आगामी आ.व भित्र नै उल्लेखित नीति कार्यान्वयन सम्पन्न गर्न तपशिलमा उल्लेखित स्थानहरुमा फलामे पुल निर्माणको लागि संघीय सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा कार्य अघि वढाइनेछ ।

✓ साविक गोलधाप गा.वि.स. वडा नं १ र ९ को सिमानामा रहेको मन्थन खोलामा

✓ हल्दीबारी गाउँपालिका वडा नं १, ५ र २ को सिमानामा रहेको भुतेनी खोलामा

- ✓ साविक जलथल गा.वि.स. वडा नं १ र २ का सिमानामा रहेको भुसुडी खोलामा
- ✓ साविक जलथल गा.वि.स. वडा नं ४ र ५ का सिमानामा रहेको काजली खोलामा
- ✓ साविक हल्दीबारी गा.वि.स. वडा न ३ र ६ को सिमानामा रहेको भुसुडी खोलामा
- ✓ हल्दीबारी १ र ५ को सिमाना कन्चनश्री पश्चिम भुतेनी खोलामा ।

४८. विगत आ.व. तथा चालु आ.व. ०७६।०७७ मा गाउँपालिकाको निर्णय बमोजिम वहुबर्षे आयोजनाको रुपमा स्वीकृत गरी रमाइलो चोकदेखी गरामनी जोड्ने सडक कालोपत्रे आयोजना र पिपल चोकवाट हल्दीबारी मा.वि हुदै गंगावाध जोड्ने सडक कालोपत्रे आयोजना सन्चालन भई रहेकोमा आगामी आ.व ०७७।०७८ मा **संघीय सरकार तथा प्रदेश सरकारको समपुरक कोष तथा तराई मधेश समृद्घी कार्यक्रमवाट** स्वीकृत वजेट रकममा नपुग हुने रकम गाउँपालिकावाटै स्रोत व्यवस्थापन गरी तपशिलमा उल्लेखित आयोजनाहरु वहुवर्षे आयोजनाको रुपमा स्वीकृत गर्दै आ.व. ०७८।०७९ सम्ममा सम्पन्न हुने व्यवस्था मिलाईनेछ ।

- ✓ वडा नं. १ को जनजागृति मा.वि.देखी किराँतचोक हुँदै लाटीहोली र चाक्ला चोकवाट राम जानकी मन्दिर जाने सडक कालोपत्रे आयोजना
- ✓ मंगलवारेवाट वडावारी हुदै पाथिभरा पर्यटकीय क्षेत्रवाट ओली चोक तर्फ र केदार उप्रेतिको घरवाट वोडोसा चोक हुदै कन्चनश्री चन्द्रमार्ग जोड्ने सडक कालोपत्रे आयोजना
- ✓ मेजरनी चोकवाट उत्तर कन्टरगुट्टु हुदै दलित वस्तिवाट चिनीमाया चोक जोड्ने सडक र कुलुङ्गे चोकवाट ढडुवा वजार हुदै जाम्वा चोक पश्चिम हुलाकी सडक जोड्ने सडक कालोपत्रे आयोजना

४९. वडा नं. ३ र वडा नं. ५ को वडा कार्यालयवाट प्रवाह हुने सेवाहरु आगामी आ.व. ०७७।०७८ बाट वडाको आफ्नै भवनवाट प्रवाह हुने व्यवस्था मिलाइनेछ ।

५०. विगत आर्थिक वर्षहरुमा स्तरोन्नती तथा ग्राभेल गरिएका सडकहरुको नियमित मर्मतसम्भार तथा नयाँ स्तरवृद्धि गरिने सडकका लागि सम्बन्धित वडावाट नै ग्राभेलको व्यवस्थापन मिलाइनेछ ।

५०. पूर्वाधारसँग सम्बन्धित आयोजनाहरुको सम्झौता चैत्र महिनाभित्र सम्पन्न गरी सक्ने गरीको व्यवस्था मिलाइनेछ ।

५१. पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाहरुमा गुणस्तरीयता कायम गर्नका लागि कार्यसम्पन्न प्रतिवेदन बमोजिमको रकम भुक्तानी गर्नु अघि ल्याब टेष्ट गर्ने र ल्याब टेष्टबाट प्राप्त नतिजाका आधारमा मात्र रकम भुक्तानी दिने प्रकृयालाई थप व्यवस्थित गरिनेछ ।

५२. अब उप्रान्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लिखित प्रावधान बमोजिम गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने नयाँ भवनहरुको नक्सा पासको प्रकृयामा नआउने घरधनीहरुलाई गाउँपालिकाबाट उपलब्ध गराइने सेवा सुविधामा रोक लगाइने नीति अख्तियार गरिनेछ ।

५३. जलथल जंगल र आवादी सीमानाको सडक स्तरवृद्धिको कार्यलाई समयमै सम्पन्न गरिनेछ । साथै, हात्ती आतंङ्क समेत न्युनीकरण हुने गरी सडक निर्माणको कार्यलाई अघि बढाइनेछ ।

५४. गाउँपालिका क्षेत्रमा विद्युत भोल्टेज सुधारका लागि ट्रान्सफर्मर विस्तार गर्नुपर्ने स्थानहरुको पहिचान गरेर सम्बन्धित निकायसँग समन्वय गरी गाउँपालिकालाई **उज्यालो गाउँपालिका** वनाउने अभियानलाई थप प्रभावकारी तथा समन्वयात्मक वनाई अघि वढाईनेछ ।

५५.. गाउँपालिका क्षेत्रमा रहेका बजारहरुलाई आधुनिक एवंम् व्यवस्थित बजारको रुपमा विस्तार गर्नका लागि बजारहरुको विस्तृत परियोजना प्रतिवेदन तयार पारिनेछ । साथै, आवश्यकता अनुसार बजार स्थानान्तरण समेत गर्ने नीति अवलम्वन गरिनेछ ।

५६. **"दिगो विकासको आधार, व्यवस्थित र जनमैत्री पूर्वाधार"** भन्ने नीतिलाई व्यवहारमा कार्यन्वायन गर्नका लागि गाउँपालिका क्षेत्रमा निर्माण गर्नुपर्ने सडक, पुल तथा कल्भर्ट, भवन, विद्युत विस्तार, बजार व्यवस्थापन लगायतका पूर्वाधार विकाससंग सम्बन्धित आयोजनाहरुको तथ्याङ्क संकलन गरी स्थानीय तहको बजेट, नीति तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७४ वमोजिम प्राथमिकीकरण गरेर मात्र आयोजना सञ्चालन गर्ने प्रकृया अगाडी बढाउने नीतिलाई क्रमशः अवलम्वन गर्दै लगिनेछ ।

## (ई) वन, वातावरण तथा विपद् व्यवस्थापन-

५७. हल्दीबारी गाउँपालिकाको भौगोलिक क्षेत्राधिकारभित्र रहेका सबै सामुदायिक वनहरुलाई गाउँपालिकाको कानूनी दायराभित्र ल्याइनेछ । सबै सामुदायिक वन उपभोक्ता समुहहरुले गाउँपालिकाबाट स्वीकृत गराउनुपर्ने आफ्नो वार्षिक कार्ययोजना गाउँ कार्यपालिकाको निर्णयले स्वीकृत गराउने व्यवस्था मिलाइनेछ । सामुदायिक वन उपभोक्ता समुहको कार्ययोजना बमोजिम सामुदायिक वनले गरिवी न्युनीकरण र विकास निर्माणमा खर्च गर्नुपर्ने रकम गाउँपालिकाले समेत साझेदारी गर्ने नीति अख्तियार गरिनेछ ।

५८. वन क्षेत्रभित्र रहेका धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका सबै पर्यटकीय स्थलहरुको पूर्वाधार निर्माणका लागि संघीय तथा प्रादेशिक सरकार समक्ष अनुरोध गरिनेछ ।

५९. गाउँ विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ । उक्त कोषको प्रयोग विपद्सँग सम्बन्धित प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक क्रियाकलापमा खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

६०. सार्वजनिक स्थानमा वृक्षारोपण अभियान सञ्चालन गर्दा पहिलो प्राथमिकतामा घाँसे प्रजातिका विरुवा एवम् फलफुल प्रजातिका विरुवा रोप्ने अभियानलाई तीव्रता दिइनेछ ।

## (उ) संस्थागत विकास तथा सेवा प्रवाह-

६१. स्थानीयता समेत प्रवर्द्धन गर्दै धनुष आकारमा डिजाइन गरी निर्माण भैरहेको गाउँपालिकाको आफ्नै प्रशासकीय भवनबाट **द्धार एक, सेवा अनेक** हुनेगरी आगामी आ.व.वाट सेवा प्रवाह हुने व्यवस्था मिलाइनेछ ।

६२. कार्यालयको काम कर्मचारी स्वयम्ले खोजी खोजी गर्ने संस्कार स्थापना गर्न वर्षभरीमा उत्कृष्ट कार्यसम्पादन गर्ने एकजना सर्वोत्कृष्ट र एकजना उत्कृष्ट कर्मचारी सम्मान गर्ने संस्कारलाई निरन्तरता दिइएको छ ।

६३. सबै वडा कार्यालय, सामुदायिक विद्यालय र स्वास्थ्य संस्थाको समेत आफ्नै आधिकारिक वेभसाइट निर्माण गरी सम्पूर्ण सूचना तथा जानकारीहरु वेभसाइट मार्फत सार्वजनिक गर्ने परम्परालाई थप व्यवस्थित गरिनेछ ।

६४. कर्मचारी कल्याणकारी कोष नियमावली, २०७५ बमोजिम स्थापना गरिएको कर्मचारी कल्याणकारी कोषको व्यवस्थापन तथा परिचालनलाई थप व्यवस्थित गरिनेछ ।

६५. **मैले तिरेको कर, गाउँपालिकाको भर** भन्ने अभियानलाई सार्थकता दिन करदातामैत्री शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । वक्यौता राजस्व संकलन गर्न वडा कार्यालय र टोल विकास संस्थाहरुलाई प्रोत्साहन सहित परिचालन गर्ने व्यवस्था मिलाइनेछ । प्रचलित कानून बमोजिम गाउँपालिकालाई तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिर्ने व्यक्तिलाई गाउँपालिकाबाट उपलब्ध गराइने सेवा सुविधामा रोक लगाइनेछ ।

६६. गाउँपालिकाले प्रवाह गर्नुपर्ने सार्वजनिक सेवालाई प्रभावकारी, मितव्ययी र गुणस्तरीय बनाउनका लागि गाउँसभा तथा गाउँ कार्यपालिकाबाट पारित नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड आदिको सामयिक संशोधनको व्यवस्था मिलाइनेछ ।

६७. सभ्य समाज निर्माण एवम् कुशल नेतृत्व विकास गर्नका लागि न्यायिक समितिको अगुवाईमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन लगायत अन्य संघीय, प्रादेशिक तथा स्थानीय कानूनमा भएका महत्वपूर्ण प्रावधानहरु समेटी स्थानीय राजनैतिक दल, मेलमिलाप केन्द्र, नागरिक समाज, विभिन्न संघसंस्थामा आवद्ध पदाधिकारी लगायत आम सरोकारवाला नागरिकहरुलाई अभिमुखीकृत गरिनेछ ।

६८.सबै सामुदायिक विद्यालय, गाउँपालिकाको कार्यालय, स्वास्थ्य चौकीहरु एवम् वडा कार्यालयहरुमा प्रयोग हुने गरि एकिकृत सफ्टवेयर/प्रणली प्रयोग गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

६९. साविक गोलधाप गा.वि.स. र हल्दीबारी गा.वि.स.लाई दुई दुई वडामा विभाजन गरि आवश्यक सेवा प्रवाहको व्यवस्था मिलाउन नेपाल सरकार समक्ष सिफारिस गरिनेछ ।

७०. गाउँपालिकाको कार्यालयमा अपाङ्ग हेल्प डेस्कको स्थापना गरिनेछ ।

७१. आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गरि स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहेको गाउँ प्रहरीको अवधारणलाई कार्यान्वयनमा ल्याईनेछ ।

७२. विश्वव्यापी माहामारीको रुपमा फैलिरहेको कोरोना भाईरसको कारण सृजनाहुन सक्ने आर्थिक तथा मानविय संकटलाई न्यूनिकरण गर्नको लागि स्थानीयस्तरमा गर्न सकिने क्रियाकलापहरुमा स्रोत समेत व्यवस्थापन गर्न गाउँपालिकावाट तपशिल अनुसारका चालु खर्चहरुमा व्यापक कटौती गरिनेछ ।

- ✓ कर्मचारी प्रोत्साहन वापत खर्च हुने रकम
- ✓ पदाधिकारी इन्धन वापत खर्च हुने रकम
- ✓ कार्यालय प्रयोजन वापत ईन्धनमा खर्च हुने रकम
- ✓ वडा कार्यालयहरुलाई मासिक रुपमा उपलव्ध गराउदै आईएको विविध खर्च रकम

७३. माथि उल्लिखित देखी बाहेक विगतका गाउँसभाहरुवाट पारित नीति तथा कार्यक्रमहरुलाई आवश्यकता तथा औतिचत्यता समेतका आधारमा कार्यान्वयनमा लगिनेछ ।